५

# श्री खयरभट्टी सिमगैरा सामुदायिक वन उपभेक्ता समुह
## बबई - ५ सिमगैरा दाङ

पत्र सख्या - २०८१/०८२ मिति- २०८१/०४/०३

च. नं. - ०३

बिषय - वेभसाईटमा सुचना अपलोड गरिदिने बारे ।

श्री बन तथा बाताबरण मन्त्रालय, राप्ती उपत्यका देउखुरी दाङ ।
श्री बन निर्देशनालय बुटबल, रुपन्देही ।
श्री डिभिजन बन कार्यालय, घोराही दाङ ।

उपरोक्त सम्बन्धमा यस सामुदायिक बनको स्वीकृत बन कार्ययोजना बमोजिम छपान भै डिभिजन बन कार्यालय दाङको संकलन सहमती अनुसार संकलन भै घाटगद्धी गरी राखेको काठ/दाउरा समुह बाहिर लिलाम बिक्रि गर्ने सिलसिलामा यस समुहबाट मिति २०८१/०४/०३ गते देखि लागु हुने गरी २१ दिने सुचना समेत प्रकाशन भै सकेकोले सो सम्बन्धी पुर्ण बिबरणको सुचना यसै पत्र साथ सम्लग्न छ नियमानुसार कार्यालयको वेभसाईटमा अपलोड गरि दिनु हुन सादर अनुरोध छ ।

प्रेम बहादुर खड्का
अध्यक्ष
अध्यक्ष

श्री खयरभट्टी सामुदायिक वन उपभेक्ता समुह

बबई ५ दाङ

**काठ/दाउरा लिलाम सम्बन्धी सुचना।**

**प्रथम पटका प्रकाशित मिति - २०८१/०४/०३(सौर्य राष्ट्रिय दैनिक)**

यस सामुदायिक बनको स्वीकृत कार्ययोजना अनुसार डिभिजन बन कार्यालयबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा बबई - ५ सिमगैरामा घाटगद्धीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ। काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिबृद्धि कर (VAT) मा दर्ता भएका ब्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन भित्र दाखिला गर्न आह्वान गरिन्छ

**लिलाम हुने बन पैदावारको बिबरण**

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | धाड | कटान मुछान खर्च |
|---|---|---|---|---|---|---|---|---|
| १ | साला | - | A | १८ | २९२.६९ | १२५०।- | धाड नं.२,४,५ र ६ | काठ प्रति क्यू.फि.रु. १३०।- दाउरा प्रति चट्टा रु. १२०००।- |
| | | | B | ४४ | ४०१.०६ | ९००।- | | |
| | | | C | २६४ | ९०१.९९ | ६००।- | | |
| | | | D | ६३ | १११.०२ | ३००।- | | |
| २ | साल दाउरा १३.०० चट्टा मात्र। | | | | | १२०००।- | | |

१. वोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८१/०४/२३ गते कार्यालय समय भित्र। (बिदा परे सो को भोलि पल्ट)

२. बोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८१/०४/२४ गते कार्यालय समय भित्र। (बिदा परे सो को भोलि पल्ट)

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) समुहको कार्यालय। (ख) डिभिजन बन कार्यालय घोराही दाङ।**

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस सामुदायिक बनको नाममा रहेको साईन रेसुङ्गा बैंक हापुरे शाखा दाङमा रहेको खाता नं. ०६३००१००३३९७०६००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने।

५. प्रति बोलपत्र प्रति लट वापत रु. २०००।- (पछि फिर्ता नहुने) लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ।

६. लिलाम हुने वन पैदावार बबई ५ स्थित सिमगैरामा रहेको घाटगद्धीमा स्थलगत रुपमा हेर्न सकिने छ।

७. रितपुर्बक र न्युनतम सख्याको बोलपत्र पेश भएमा **मिति २०८१/०४/२५** गते दिउसो ३.०० बजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य ब्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ।

८.लिलाममा भाग लिन चाहने ब्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्वर(PAN) र **डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ।

९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ।

११. लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाई लिलाम भएको वन पैदावार तोकिएको समयभित्र प्रकिया पुरा गरी लैजानु पर्ने छ।

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला।

१३ लट अनुसार छुट्टा छुट्टै बोलपत्र पेश गर्नु पर्ने छ।

१४. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुने छ।